आर्थिक वर्ष २०८२।०८३ को

# आर्थिक ऐन, २०८२

## यमुनामाई गाउँपालिका

सरुअठा, रौतहट

म्धेश प्रदेश, नेपाल

CamScanner

## यमुनामाई गाउँपालिका आर्थिक वर्ष २०८२।०८३को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्ने सम्बन्धि व्यवस्था गर्न बनेको विधेयक,२०८०

यमुनामाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ...अठा, रौतहट मधेश प्रदेश, नेपाल

**प्रस्तावना:**

यमुनामाइ गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम यमुनामाइ गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७[illegible]" रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि यमुनामाइ गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति कर**: गाउँपालिकाका क्षेत्र भित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय कर**: गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **विज्ञापन कर**: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **मनोरन्जन कर**: गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **बहाल बिटौरी शुल्क**: गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **पार्किङ शुल्क**: गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।



CamScanner

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** ufpपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क तथा दस्तुर लगाइने र असूल उपर गरिनेछ।

१३. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि ufpFपालिकाले तोके अनुसार हुने छ।

## अनुसुचि १
(दफा २ संग सम्बन्धित)

सम्पत्ति कर

| सि.नं. | विवरण | दर (रकम रु.) |
|---|---|---|
| **घर कर** | | |
| 1 | कच्ची | ५० |
| 2 | पक्की | १०० |
| 3 | फुस/झुपडी | 0100 |

## अनुसुचि २
(दफा ३ संग सम्बन्धित)

भुमि कर (मालपोत)

| सि.नं. | विवरण | दर (रकम रु.) |
|---|---|---|
| **मालपोत कर :** | | |
| 1 | आवादी प्रति रोपनी | ४ |
| 2 | खरवारी प्रति रोपनी | २ |
| **जरिवाना :** एक आ.व. भित्र नतिरेमा २० प्रतिशत र त्यस पछि प्रत्येक बर्ष १० प्रतिशतका दरले बृद्धि हुनेछ । | | |

## अनुसुचि ३
(दफा ४ संग सम्बन्धित)

घर वहाल कर

| सि.नं. | विवरण | दर (प्रतिशत) |
|---|---|---|
| 1 | बहाल कर | १० प्रतिशत |

## अनुसुचि ४
(दफा ५ संग सम्बन्धित)

व्यवसाय कर

| सि.नं. | विवरण | दर (प्रतिशत) |
|---|---|---|
| **व्यापार कर (वार्षिक) :** | | |
| 1 | कपडा पसल | ७०० |
| 2 | फेन्सी पसल | ७०० |
| 3 | किराना पसल (ठुलो) | ७०० |

| सि.नं. | विवरण | दर (प्रतिशत) |
|---|---|---|
| ४ | किराना पसल (टंकी) | ५० |
| ५ | कपडा, फेन्सी र किराना (संयुक्त) पसल | १२०० |
| ६ | औषधी पसल | १००० |
| ७ | पोलिक्लिनिक | २००० |
| ८ | आफ्नो कपडा पसल सहितको टेलरिङ्ग शप | ५०० |
| ९ | सामान्य टेलरिङ्ग शप | २५० |
| १० | ब्युटी पार्लर | ५०० |
| ११ | हेयर कटिङ्ग सैलुन | ५०० |
| १२ | सुनचाँदी पसल | ८०० |
| १३ | भाँडा पसल | ७०० |
| १४ | भाँडा पसल अन्य सामान समेत | १००० |
| १५ | दैनिक उपभोग्य वस्तुको थोक बिक्रेता | १००० |
| १६ | घडी, रेडियो, मोबाईल तथा इलेक्ट्रिक तथा इलेक्ट्रोनिक सामानहरु मर्मत | ५०० |
| १७ | फलफुल तरकारी पसल | १०० |
| १८ | फोटो ग्राफर | २५० |
| १९ | कलर ल्याव | ७५० |
| २० | स्टेशनरी पुस्तक पसल | २५० |
| २१ | डाक्टर, वकिल, लेखा परीक्षक, परामर्शदाता, सर्वेयर, ईन्जिनियरिङ्ग व्यवसायमा | १५०० |
| २२ | प्लास्टिकका फर्निचर, कार्पेट तथा अन्य सजावटका सामानहरु | ४०० |
| २३ | माछामासु पसल (फ्रेस हाउस) | २०० |
| २४ | मिठाई पसल | २०० |
| २५ | फोटोकपी, कम्प्युटर,फ्याक्स, टेलिफोन सेवा, साईवर सेवा | २५० |
| २६ | पेन्टिङ्ग व्यवसाय | ३०० |
| २७ | मोटर वा विभिन्न मेसिनरी पार्ट पुर्जा आदि बिक्रेता | ३०० |
| २८ | सवारी साधन तथा जेनेरेटर साथै अन्य मेसिनरी तयारी सामान बिक्री | ५०० |
| २९ | हेभि इक्विपमेन्ट,बस,ट्रक, कार, जिप, भ्यान आदि मर्मत र वर्कसप | १००० |
| ३० | मोटर साइकल र साईकल मर्मत | ४०० |
| ३१ | कम्प्युटर तथा भाषा प्रशिक्षण संस्थाहरु | ५०० |
| ३२ | इलेक्ट्रोनिक तथा इलेक्ट्रिक सबै किसिमका सामानको बिक्रि व्यवसाय | ८०० |
| ३३ | निर्माण सामाग्रि पसल हार्डवेयर | १००० |
| ३४ | गिट्टी, बालुवा, ढुङ्गा आदि बिक्री व्यवसाय | ८०० |
| ३५ | चस्मा पसल तथा मर्मत | २५० |
| ३६ | कम्प्युटर, फ्याक्स, फोटोकपी र सोको पार्टपुर्जा बिक्री तथा सप्लायर्स | १००० |
| ३७ | तयारी सिरक, डसना, तकिया, कार्पेट, कुर्सी आदिको बिक्रेता | ८०० |
| ३८ | ठेक्कापट्टा व्यवसाय/ निर्माण व्यवसायी "क" वर्ग | ५००० |
| ३९ | ठेक्कापट्टा व्यवसाय/ निर्माण व्यवसायी "ख" वर्ग | ४००० |
| ४० | ठेक्कापट्टा व्यवसाय/ निर्माण व्यवसायी "ग" वर्ग | ३००० |
| ४१ | ठेक्कापट्टा व्यवसाय/ निर्माण व्यवसायी "घ" वर्ग | २००० |
| ४२ | **ठेक्कापट्टा व्यवसाय/ निर्माण व्यवसायी नविकरण सम्बन्धमा** | |

| सि.नं. | विवरण | दर (प्रतिशत) |
|---|---|---|
| ४२.१ | ठेक्कापट्टा व्यवसाय/ निर्माण व्यवसायी "क" वर्ग | ५००० |
| ४२.२ | ठेक्कापट्टा व्यवसाय/ निर्माण व्यवसायी "ख" वर्ग | ४००० |
| ४२.३ | ठेक्कापट्टा व्यवसाय/ निर्माण व्यवसायी "ग" वर्ग | ३००० |
| ४२.४ | ठेक्कापट्टा व्यवसाय/ निर्माण व्यवसायी "घ" वर्ग | २००० |
| | **ठेक्कापट्टा व्यवसाय/ निर्माण व्यवसायी नविकरण हरेक वर्षको असोज मसान्त सम्म गर्नुपर्ने त्यस पछि दोब्बर दस्तुर तिरी नविकरण हुने** | |
| ४३ | श्रृङ्गार एव उपहारका सामानहरु विक्री | २५० |
| ४४ | पशु औषधी, बिउ विजन, मल तथा कृषि औजार विक्रेता | ४०० |
| ४५ | मदिरा एवं पेय पदार्थ विक्री | ८०० |
| ४६ | रमाईलो मेला सांस्कृतिक कार्यक्रम सहित औधोगिक व्यपार मेला (प्रतिदिन) | ३०० |
| ४७ | ड्राईभिङ्ग इन्स्टिच्युट | ४०० |
| ४८ | केवल टि.भी. व्यवसाय | २००० |
| ४९ | कन्सल्टेन्सी व्यवसाय | १५० |
| ५० | प्राइभेट ब्रोडिङ स्कुल (निजी विद्यालय) | १००० |
| ५१ | प्राइभेट क्याम्पस (१०+२) | १५०० |
| ५२ | फ्रेम, सिशा, फोटो, पोस्टर, पोष्टकार्ड विक्रेता | २०० |
| ५३ | पेट्रोल पम्प | २५०० |
| ५४ | होटल तथा रेष्टुरेन्ट | ८०० |
| ५५ | होटल (खाजा नास्ता) | ४०० |
| ५६ | एफ. एम. रेडियो तथा विज्ञापन सेवा | ५०० |
| ५७ | सबै प्रकारका संयुक्त पसल | १२०० |
| | अन्य (माथि उल्लेखित बाहेक) | २५० |
| | **उद्योग व्यवसाय कर (वार्षिक)** | |
| १ | छापाखाना | १००० |
| २ | मसला उद्योग | ५०० |
| ३ | मैनबत्ति र चक उद्योग | २०० |
| ४ | धान, तोरी, पिठो, चिउरा आदि मिल (तोरी समेत) | ८०० |
| ५ | धान, पिठो, चिउरा आदि मिल (तोरी बाहेक) | ४०० |
| ७ | जुत्ता उद्योग | ५०० |
| ६ | स्टिल फर्निचर तथा ग्रिल उद्योग | १२०० |
| ८ | फर्निचर तथा काष्ठ उद्योग | १२०० |
| ९ | पोल्ट्री फर्म (१०० वटा सम्म उत्पादन गर्ने) | १०० |
| १० | पोल्ट्री फर्म (१०० वटा भन्दा धेरै उत्पादन गर्ने) | २०० |
| ११ | राईस मिल | ५०० |
| १२ | अन्य (माथि उल्लेखित बाहेक) | २५० |
| १३ | घुम्ति व्यावसाय कर (प्रति दिन) | १०० |



CamScanner

| सि.नं. | विवरण | दर (प्रतिशत) |
| --- | --- | --- |
| | **डिलरसिप एजेन्सी व्यवसाय कर (वार्षिक) :** | |
| १ | ब्याट्रि, साबुन, बिस्कुट र अन्य किराना सामान समेत | ८०० |
| २ | मट्टितेल, डिजल, पेट्रोल आदि | ८०० |
| 3 | सिमेन्ट, चुरोट, चिनी र साल्ट ट्रेडिङको | ८०० |
| 4 | बियर तथा अन्य सिलबन्दि मदिरा | १२०० |
| 5 | सफ्ट ड्रिंक, कोक, फेन्टा, पेप्सी आदिको डिलरसिप | ८०० |
| 6 | L.P. ग्याँस डिपो | ८०० |
| 7 | टि.भि., डेक, रेफ्रिजेरेटर | ८०० |
| 8 | अन्य (माथि उल्लेखित बाहेक) | २५० |
| 9 | हेभि इक्विपमेन्ट सूचिकृत | ५००० |

अनुसुचि ५

(दफा ६ संग सम्बन्धित)

जडिबुटी, कवाडी र जीवजन्तु कर

प्रचलित कानुनको अधिनमा रही यस प्रकारको कर लगाउनका लागि आगामी गाउँ सभाबाट अनुमोदन हुने गरी गाउँ कार्यपालिकालाई अधिकार प्रदान गरिएको छ ।

अनुसुचि ६

(दफा ७ संग सम्बन्धित)

विज्ञापन कर

प्रचलित कानुनको अधिनमा रही यस प्रकारको कर लगाउनका लागि आगामी गाउँ सभाबाट अनुमोदन हुने गरी गाउँ कार्यपालिकालाई अधिकार प्रदान गरिएको छ ।

अनुसुचि ७

(दफा ८ संग सम्बन्धित)

मनोरञ्जन कर

प्रचलित कानुनको अधिनमा रही यस प्रकारको कर लगाउनका लागि आगामी गाउँ सभाबाट अनुमोदन हुने गरी गाउँ कार्यपालिकालाई अधिकार प्रदान गरिएको छ ।

अनुसुचि ८

(दफा ९ संग सम्बन्धित)

बहाल बिरौटी शुल्क

प्रचलित कानुनको अधिनमा रही यस प्रकारको शुल्क उठाउनका लागि आगामी गाउँ सभाबाट अनुमोदन हुने गरी गाउँ कार्यपालिकालाई अधिकार प्रदान गरिएको छ ।



CamScanner

अनुसुचि ९

(दफा १० संग सम्बन्धित)

पार्किङ शुल्क

प्रचलित कानुनको अधिनमा रही यस प्रकारको शुल्क उठाउनका लागि आगामी गाउँ सभाबाट अनुमोदन हुने गरी गाउँ कार्यपालिकालाई अधिकार प्रदान गरिएको छ।

अनुसुचि १०

(दफा ११ संग सम्बन्धित)

ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क

प्रचलित कानुनको अधिनमा रही यस प्रकारको शुल्क उठाउनका लागि आगामी गाउँ सभाबाट अनुमोदन हुने गरी गाउँ कार्यपालिकालाई अधिकार प्रदान गरिएको छ।

अनुसुचि ११

(दफा १२ संग सम्बन्धित)

सेवा शुल्क, दस्तुर

| सि.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | नाता प्रमाणित | १०० |
| २ | आर्थिक अवस्था सम्पन्नता प्रमाणित | १०० |
| ३ | नागरिकता सिफारिस | १०० |
| ४ | नागरिकताको प्रतिलिपि सिफारिस | १०० |
| ५ | फरक फरक नाम, थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश | १०० |
| ६ | नाम, थर र जन्म मिति संशोधन तथा नाम छुट र दुई नामको सिफारिस | १०० |
| ७ | नामसारी गर्न सिफारिस/स्रेस्ता कायम | १०० |
| ८ | जग्गाको हक सम्वन्धमा सिफारिस | १०० |
| ९ | जिवित रहेको सिफारिस | १०० |
| १० | पालन पोषणको लागि सिफारिस | ०.०० |
| ११ | बैवाहिक अंगिकृत नागरिकता सिफारिस | १००० |
| १२ | धारा जडानको लागि सिफारिस | १०० |
| १३ | विद्युत जडानको लागि सिफारिस | १०० |
| १४ | नावालक सिफारिस | २५ |
| १५ | विभिन्न दलित, जनजाति तथा थर प्रमाणित | ५० |
| १६ | पारिवारिक विवरण सिफारिस | १०० |

| सि.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १७ | चारकिल्ला प्रमाणित | १०० |
| १८ | मुचुल्का प्रमाणित (नागरिकताको मुचुल्का बाहेक) | ३०० |
| १९ | विवाह प्रमाणित वा अविवाहित प्रमाणित | १०० |
| २० | व्यक्तिगत विवरण प्रमाणित | १०० |
| २१ | हकवाला वा हकदार प्रमाणित | १०० |
| २२ | संरक्षक प्रमाणित गर्नेः संस्थागत संरक्षक सिफारिस | १०० |
| २३ | संरक्षक प्रमाणित गर्नेः व्यक्तिगत संरक्षक सिफारिस | १०० |
| २४ | कागज र मंजुरीनामा प्रमाणित | १०० |
| २५ | जग्गा मूल्यांकन सिफारिस प्रमाणित | १०० |
| २६ | बहाल करको लेखाजोखा सिफारिस | १०० |
| २७ | मोहि लगत कट्टा को सिफारिस | १०० |
| २८ | व्यापार व्यवसाय बन्द भएको, संचालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने | ८०० |
| २९ | मिलापत्र कागज गराउने निवेदन दर्ता गर्न सिफारिस | ८०० |
| ३० | पुर्जामा घर कायम गर्ने सिफारिस | १०० |
| ३१ | जग्गा धनीपूर्जा हराएको सिफारिस | ५०० |
| ३२ | कित्ताकाट गर्न सिफारिस | १०० |
| ३३ | **सम्पत्ति मुल्यांकन** | |
| ३३।१ | १ लाखदेखि १५ लाखसम्म | ५०० |
| ३३।२ | १५ लाखदेखि ३० लाखसम्म | १००० |
| ३३।३ | ३० लाखदेखि माथि | २००० |
| ३४ | आम्दानी मूल्याकन (प्रति लाख) | १० |
| ३५ | धितो मुल्यांकन (प्रति हजारमा) | १ |
| ३६ | उद्योग ठाउँसारी गर्न सिफारिस | ५०० |
| ३७ | विद्यालय खोल्न सिफारिस (सामुदायिक) | १,००० |
| ३८ | विद्यालय कक्षा थप गर्न सिफारिस (सामुदायिक) | १,००० |
| ३९ | विद्यालय ठाउँसारी गर्न सिफारिस (सामुदायिक) | ५०० |
| ४० | घर कोठा खोल्न रोहवरमा बस्ने निवेदनको सिफारिस | ५०० |
| ४१ | विद्युत सिफारिस (थ्रिफेज) | २,५०० |
| ४२ | स्थाई वा अस्थाई बसोबास सम्बन्धी सिफारिस | २५० |
| ४३ | सम्बन्धविच्छेद को सिफारिस | १०० |



CS CamScanner

| सि.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| ४४ | न्यायिक समितिमा निवेदन दर्ता | २०० |
| ४५ | फुकुवा सिफारिस (घरजग्गा फुकुवा) | १०० |
| ४६ | पेन्सन कार्ड वा सो सम्वन्धी अन्य सिफारिस | २०० |
| ४७ | नक्कल प्रमाणित दस्तुर | ५० |
| ४८ | व्यवसाय दर्ता प्रमाण पत्रको नक्कल प्रति | २५० |
| ४९ | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | १०० |
| ५० | घर निर्माण सम्पन्न सिफारिस (आर.सि.सि.) | २००० |
| ५१ | घर निर्माण सम्पन्न सिफारिस (कच्ची घर) | १०० |
| ५२ | नीजि क्षेत्रका रुख कटान सिफारिस (प्रति रुख): विक्रि प्रयोजनको लागि | २०० |
| ५३ | कर क्लियर सिफारिस (स्वदेश) | १००० |
| ५४ | कर क्लियर सिफारिस (विदेश) | ४००० |
| ५५ | **उद्योग सिफारिस** | |
| ५६.१ | साना | १०० |
| ५६.२ | मझौला | ३००० |
| ५६.३ | ठूला | ५००० |
| ५७ | **निजी विद्यालय संचालन अनुमतिको सिफारिस** | |
| ५७.१ | पुर्व प्रा.वि. (प्ले ग्रुप देखि युकेजी सम्म) | ७,००० |
| ५७.२ | आधाभूत विद्यालय | १०,००० |
| ५७.३ | मा.वि. | २०,००० |
| ५८.४ | स्नातक तह | २५,००० |
| ५९ | **निजी विद्यालय कक्षा थप अनुमतिको सिफारिस** | |
| ६०.१ | पुर्व प्रा.वि. (प्ले ग्रुप देखि युकेजी सम्म) | २००० |
| ६०.२ | आधाभूत विद्यालय | ५००० |
| ६०.३ | मा.वि. | १२,००० |
| ६०.४ | स्नातक तह | १५,००० |
| ६१ | **अंग्रेजी भाषामा गरिने सबै प्रकारका सिफारिस** | ५०० |
| ६२ | घरबाटोले नछोएको सिफारिस | ५० |
| ६३ | ग्रामीण क्षेत्रका घरबाटो सिफारिस | १०० |
| ६४ | बजार क्षेत्रका घरबाटो सिफारिस (मुल सडकले छोएको)<br>नोट : मुल सडक अन्तर्गत पर्ने सडकहरु | २५० |
| ६५ | संस्था दर्ता सिफारिस | ५०० |

| सि.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| ६६ | भवन निर्माण नक्शा प्रमाणित प्रतिलिपी | ५०० |
| ६७ | व्यवसाय दर्ता सिफारिश | ५०० |
| ६८ | **वितिय संस्था तर्फ सिफारिस दस्तुर** | |
| ६९.१ | बैंकिङ सेवा (नेपाल सरकारको पुर्ण स्वामित्व बाहेक) | ५,००० |
| ६९.२ | वितिय कम्पनी शाखा कार्यालय | १,२०० |
| ६९.३ | विमा संस्था | ३,००० |
| ६९.४ | सहकारी बैंक | १,५०० |
| ६९.५ | फाईनान्स, बैंक तथा सटहि काउण्टर आदि खोल्न सिफारिस | २,५०० |
| ६९.६ | सहकारी संस्था दर्ता सिफारिस | १,००० |
| | **सहकारी संस्था नविकरण** | १००० |
| | **बहुउदेशीय सहकारी संस्था** | २५०० |
| | **सहकारी संस्था copomis मा दर्ता** | १००० |
| | **सहकारी संस्था copomis आवधता नं., User id र Password हराएमा मा नयाँ Password को लागि** | ५०० |
| | **सहकारी संस्था रसायनिक मलको सुचिमा दर्ता** | १,००० |
| | **सहकारी संस्था रसायनिक मलको सुचिकरण नविकरण** | ५०० |
| | **इट्टा उद्योगको नविकरण सिफारिस** | १,००० |
| | **इट्टा उद्योगका वातावरण सिफारिस** | १,००० |
| ६९.७ | अन्य (माथि उल्लेखित बाहेक) | १,००० |
| ७० | **संघ संस्था तर्फ सिफारिस दस्तुर** | |
| ७०.१ | कुनै पनि संघ संस्था खोल्ने इजाजत सिफारिस | १,००० |
| ७०.२ | क्लब खोल्ने इजाजत सिफारिस | ५०० |
| ७१ | प्रत्येक व्यवसायको रजिष्ट्रेशन दस्तुर | १,००० |
| ७२ | प्रत्येक व्यवसायको नविकरण दस्तुर प्रति वर्ष | २०० |
| ७३ | **नक्सा पास दस्तुर (नक्सा पास शुल्क प्रति वर्ग फिटका दरले)** | |
| | *क) आर.सि.सि. भवन* | |
| | १००० वर्ग फिटसम्म | ३ |
| | १००० वर्ग स्क्वायर फिट भन्दा धेरै (प्रति वर्ग फिट थपमा) | ५ |
| | *ख) कच्ची घर* | |
| | १००० वर्ग फिटसम्म | ०।५० |
| | १००० वर्ग स्क्वायर फिट भन्दा धेरै (प्रति वर्ग फिट थपमा) | १ |

| सि.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| | *ग) आर सि.सि. बाहेकका भवन* | |
| | ईटा, ढुङ्गा, ब्लक, सिमेन्टको गाह्रो, टिन, टायल छाना (प्रति वर्ग फिट) | ०।५० |
| | ईटा, ढुङ्गाको गाह्रो माटोको जोडाई टिन (प्रति वर्ग फिट) | ०।५० |
| | ट्रसमा टिनको छाना (प्रति वर्ग फिट) | ०।५० |
| | अस्थायी कच्ची घर टालीले बारेको | ० |
| | *घ) दस्तुरहरु* | |
| | निर्माण सम्पन्न प्रमाण पत्र दस्तुर | २५० |
| | प्राविधिक प्रतिवेदन दस्तुर | २०० |
| | थप निर्माण दस्तुर (प्रति वर्ग फुट) | १ |
| ७४ | **निवेदन फाराम दस्तुर** | |
| ७४.१ | साधारण | १० |
| ७४.२ | नेपाली कागजमा | २० |
| ७४.३ | नक्सा पासको निवेदन फाराम दस्तुर (किताव) | ५०० |
| ७५ | नक्कल उतार प्रमाणित (प्रति पाना) | ५ |
| ७६ | पेट्रोल पम्प दर्ता शुल्क | ५,००० |
| ७७ | **नगरक्षेत्र भएर बाहिर निकासा हुने काठमा लाग्ने संकलन दस्तुर** | |
| ७७.१ | काठ व्यवसाय (साल काठ प्रति क्यु.फिट) | १० |
| ७७.२ | काठ व्यवसाय (खयर काठ प्रति क्यु.फिट) | ५ |
| ७७.३ | काठ व्यवसाय (अन्य काठ प्रति क्यु.फिट) | २ |
| ७७.४ | सल्लाको खोटो निकासी प्रति टिन | १० |
| ७८ | भारत जानको लागि सिफारिस | २५० |
| ७९ | सामुदायिक वन तथा बैज्ञानिक वनको | २०० |
| ८० | माथि उल्लेखित बाहेकका सवै किसिमका सिफारिसहरुमा सिफारिस दस्तुर | २५० |
| ८१ | **व्यक्तिगत घटना दर्ता सम्बन्धी दस्तुर** | |
| ८१.१ | ३५ दिन भित्र दर्ता गराउन गराएमा | नि:शूल्क |
| ८०.२ | बुंदा १ को समय पश्चात ३५ दिन दर्ता गराउन आएमा | २० |
| ८०.३ | बुंदा २ को समय पश्चात दर्ता गराउन आएमा | ५० |
| | **विदेश प्रयोजनका लागि सिफारिस** | |
| | जन्म मिति प्रमाणित | ५,०० |
| | विवाहित/अविवाहित प्रमाणित | ५,०० |

| सि.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| | ठेगाना प्रमाणित | ५,०० |
| | चारित्रिक प्रमाणित | ५,०० |
| | नोट : उपभोक्ता समिति र सरकारी कार्यालयहरुमा निजी प्रयोजनका लागि गरिने सिफारिस दस्तुर रु.१००। र संस्थागत प्रयोजनका लागि गरिने सिफारिस निशुल्क गरिनेछ । | |

## घटना दर्ता शुल्क

| सि.नं. | शिर्षक | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | जन्म / मृत्यु दर्ता / बसाईसराई / सम्बन्ध विच्छेद / विवाह दर्ता | ३५ दिन भित्र दर्ता भए नि:शुल्क | ३५ दिन देखि पाँच वर्ष सम्म रु ५० र पाँच वर्ष पछि वर्ष पछि रु २०० |
| २ | उजुरीदर्ता तथा मुद्दा दस्तुर | २०० | |
| ३ | घटना दर्ताप्रतिलिपि | ५०० | संघीय कानून अनुसार |

| सि.नं. | शिर्षक | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | संघ / संस्था सूचीकृत | ५०० | |

## परीक्षा शुल्क

| सि.नं. | शिर्षक | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | सातौं तह वा सो भन्दा माथि | १००० | |
| २ | छैठौं तह वा सो सरह | १००० | |
| ३ | राजपत्र अनंकित तृतिय वा सो सरह | ५०० | |
| ४ | राजपत्र अनंकित द्वितिय वा सो सरह | ५०० | |
| ५ | श्रेणी विहिन | ३०० | |
| | **होडिङ्ग बोर्ड विज्ञापन (व्यापारी प्रयोजनार्थ)** | | |
| १ | कपडा र फ्लेक्स बोर्ड सबै किसिमको( प्रती वर्ग मि.) | रु २० | |
| २ | पसलको पटके होडिङ्ग बोर्ड विज्ञापन गरे वापत (प्रति गोटा) | रु ४० | |
| ३ | स्थायी होडिङ्ग बोड विज्ञापन मुल | रु ७५ | |



CamScanner

| | | | |
|---|---|---|---|
| | सडकको दायाँ बायाँ (प्रति वर्ग फिट ) | | |
| ४ | वाल पेटिङ्ग/सटर पेटिङ्ग (प्रति वर्ग फिट) | रु २५ | |
| ५ | इलेट्रोनिक्स डिस्पेय तथा ग्लो साइन बोर्ड (प्रति वर्ग फिट) | रु१०० | |
| विदेशी कम्पनीहरुको विज्ञापन तथा नेपाल सरकारले निषेधित गरिएको विज्ञापनकोहकमा थप ५० प्रतिशत थप गरेर लिन सकिने छ। | | | |

अनुसुचि १२

-दफा १३ संग सम्बन्धित_

**पर्यटन शुल्क**

प्रचलित कानुनको अधिनमा रही यस प्रकारको शुल्क उठाउनका लागि आगामी गाउँ सभाबाट अनुमोदन हुने गरी गाउ कार्यपालिकालाई अधिकार प्रदान गरिएको छ।